# मनहरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

रजैया, मकवानपुर

बागमती प्रदेश, नेपाल

प.सं.: २०७७/०७८

च.नं.: 9358

मितिः-२०७७/१०/१८

**विषयः- निर्णय कार्यान्वय गर्ने सम्वन्धमा ।**

श्री मनहरी गाउँकार्यपालिकाका
सबै शाखा/उपशाखा प्रमुखहरु
वडा कार्यालय/वडा सचिवहरु
मनहरी, मकवानपुर ।

प्रस्तुत विषयमा मिति २०७७ माघ १६ गते शुक्रवार बसेको कार्यपालिका बैठकको निर्णय पाना थान तीन यसैसाथ सम्लग्न छ । सो निर्णयानुसार तहाँ संग सम्वन्धित निर्णयहरु हेरी आवश्यक कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध छ ।

२०७७/१०/१८

..........................

(देवराज चौलागाई)
प्रमुख प्रशासकिय अधिकृत

देवराज चौलागाई
प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०७७ साल माघ १६ गते शुक्रवारका दिन अपरान्ह ०१ बजे देखि यस मनहरी गाउँपालिकाको कार्यपालिका बैठक गा.पा. अध्यक्ष श्री एकराज उप्रेतीज्यूको अध्यक्षतामा निम्न पदाधिकारीहरुको उपस्थिति सहित वसी देहाय अनुसारको निर्णय गरी सम्पन्न भयो ।

**उपस्थिति**

| | | | |
|---|---|---|---|
| १. | श्री एकराज उप्रेती | गा.पा अध्यक्ष | अध्यक्ष |
| २. | श्री आनन्द घलान | २ नं.वडा अध्यक्ष | सदस्य |
| ३. | श्री गोपिलाल मोक्तान | ६ नं.वडा अध्यक्ष | सदस्य |
| ४. | श्री ठाकुरराम तिटुङ | ७ नं.वडा अध्यक्ष | सदस्य |
| ५. | श्री दिलबहादुर स्याङतान | ८ नं.वडा अध्यक्ष | सदस्य |
| ६. | श्री ध्रुव खड्का | ४ नं.वडा अध्यक्ष | सदस्य |
| ७. | श्री विष्णु थिङ | ३ नं.का.बा.वडा अध्यक्ष | सदस्य |
| ८. | श्री साधुराम अधिकारी | ९ नं.वडा अध्यक्ष | सदस्य |
| ९. | श्री शिव प्रसाद खनाल | १ नं.वडा अध्यक्ष | सदस्य |
| १०. | श्री शुभराज थिङ | ५ नं.वडा अध्यक्ष | सदस्य |
| ११. | श्री कृष्ण विडारी | महिला सदस्य | सदस्य |
| १२. | श्री पम्फा रोक्का | महिला सदस्य | सदस्य |
| १३. | श्री राधादेवी खकुराल पाठक | महिला सदस्य | सदस्य |
| १४. | श्री राममाया प्रजा चेपाङ | महिला सदस्य | सदस्य |
| १५. | श्री गीता कुमारी प्रजा | दलित/अल्पसंख्यक सदस्य | सदस्य |
| १६. | श्री देवराज चौलागाई | प्रमुख प्रसाशकिय अधिकृत | सचिव |

आमन्त्रित/सहयोगी

१. श्री संगिता अधिकारी लेखा अधिकृत राजश्व आ.प्र.महाशाखा प्रमुख

२. श्री राजेन्द्र प्रसाद चौलागाई अ. हेव जिपी/राजश्व/ अभिलेखव्यवस्थापन

प्रस्तावहरु

१. न्यायिक समितिको संयोजक तोक्ने वारे ।
२. भुमिहिन समस्या समाधान समितिका पदाधिकारी मनोनयन वारे ।
३. टोल सुधार समितिको दर्ता र ब्यवस्थापन गर्ने वारे ।
४. विभिन्न योजनाहरुको ToRs स्वीकृत गर्ने वारे ।
५. वेपत्ता मनोज घिमिरेको मृत्यु दर्ता वारे ।
६. सुचाचुरी जोगिताल सिंचाई कुलो मर्मत वारे ।
७. कालिदमार सिंचाईमा वस्तुगत सहयोग वारे ।

निर्णयहरु

१. यस प्रस्तावमा छलफल गर्दा उपाध्यक्षको राजिनामाका कारण रिक्त रहेको न्यायिक समितिमा सहजिकरण गर्न कार्यपालिका सदस्य श्री राधादेवी खकुराल पाठकलाई अर्को ब्यवस्था नभएसम्मका लागि न्यायिक समितिको संयोजक तोक्ने र न्यायिक समितिको कार्यसम्पादनलाई प्रभावकारी रुपमा निरन्तरता दिने ब्यवस्था कार्यालयले मिलाउने ।

२. यस प्रस्तावमा छलफल गर्दा संघीय सरकारले भूमिहीन, सुकुम्बासी र अव्यवस्थित बसोबास गर्नेहरूको समस्या समाधानका लागि उच्चस्तरीय आयोग गठन गरेको र यस पालिकामा रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको पहिचान, लगत संकलन, प्रमाणीकरण तथा जग्गाको नाप नक्सा गर्ने कार्यमा सहयोग र सहजीकरण गर्न प्राप्त लगत संकलन सम्वन्धी कार्यविधि २०७७ को दफा ३ को उपदफा १(घ) अनुसार सहजिकरण समितिको सदस्यमा दलित कार्यपालिका सदस्य सहित २ जना सदस्यहरु कार्यपालिकावाट मनोनित गर्नु पर्नेमा दलित कार्यपालिका सदस्यको देहावसान भएकाले सिमान्तकृत कार्यपालिका सदस्य श्री गीता प्रजालाई र अर्को सदस्यमा कार्यपालिका सदस्य श्री पम्फा रोक्कालाई मनोनयन गर्ने ।

सोहि दफाको उपदफा २(ग) अनुसार भूमि, आवास लगायत क्षेत्रमा काम गरिरहेका संघ संस्था वा नागरिक समाजका कम्तिमा एक महिला सहित २ जना सदस्यहरु(फोन नं. सहित) अविलम्व वडा अध्यक्षहरुले गाउँपालिका अध्यक्ष समक्ष मनोनयनका लागि सिफारिस गरी पठाउने ।

पहिचान, लगत संकलन, प्रमाणीकरण तथा नाप नक्सा गर्ने लगायतका कार्यहरुका लागि कार्यालयले तयार गरेको field study देखि कार्यपालिकाको निर्णयानुसार जिल्ला स्तरमा पठाउनुपर्ने विवरण तयार गर्ने सम्मका कमहरुको कार्ययोजना(Action plan) को वारेमा समेत बैठकमा जानकारी भयो । कार्यालयले आवश्यक तथ्याङ संकलक (गणक) पद संख्या ७(सात) को विज्ञापन गरी माग गरीएकोमा संघीय आयोगवाट प्रकाशित सुचना अनुसारको अवधिमा लगत संकलन गरिसक्नु पर्ने भएकाले बैकल्पिकमा परेका उमेद्वारहरुलाई समेत कामको चापका आधारमा कामकाजमा खटाउने ब्यवस्था कार्यालयले मिलाउने ।

३. यस प्रस्तावमा छलफल गर्दा यस कार्यालयवाट मिति २०७७-१०-१४ गते प्रकाशित टोल विकास संस्था दर्ता गर्ने सम्वन्धी सुचना अनुसार साविकमा गठन भएका संस्थाहरु भए



निर्णय प्रमाणित
प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष

आवश्यकता अनुसार वडा प्रतिनिधिको रोहवरमा टोल भेला राखी अध्यावधिक गर्ने र नयाँ गठन गर्नु पर्ने भएमा सोहि अनुसार भेला राखी कार्यविधि अनुसार दर्ताका लागि सम्वन्धित वडा कार्यालयहरुले सिफारिस गरी पठाउने । टोल विकास संस्थाहरुलाई ब्यवस्थित, प्रभावकारी वनाउन तालिम, अनुशिक्षण गर्नुपर्ने भएमा वडा सचिवहरुले समेत सहजिकरण गर्ने र थप ब्यवस्थित, प्रभावकारीताका लागि कार्ययोजना सहित वडा कार्यालय मार्फत पेश गर्ने ।

४. यस प्रस्तावमा छलफल गर्दा मनहरी गाउँपालिका वडा नं.२, ३ र ४ का विभिन्न खोला खहरेहरुमा निर्माण गरिने पक्की (RCC) पुलहरु र वडा नं. ९ मा निर्माणाधिन ज्यामिरे केरावारी सडकका लागि गर्नुपर्ने प्रारंभिक वातावरणिय परीक्षण(IEE) प्रतिवेदन तयारीका लागि प्राविधिक समितिले गरेको सिफारिसका आधारमा गाउँपालिकाको वातावरण तथा प्राकृतिक श्रोतको संरक्षण सम्वन्धमा ब्यवस्था गर्न वनेको ऐन २०७७ को दफा ६(८) अनुसार कार्यसुचिहरु (ToRs) स्वीकृत गरी प्रतिवेदन तयारीका लागि आवश्यक प्रकृया अगाडी वढाउने ।

५. यस प्रस्तावमा छलफल गर्दा मनहरी गाउँपालिका वडा नं. ७ निवासी मनोज घिमिरे प्रहरी रिपोर्ट अनुसार मिति २०७६-०१-२७ मा दुर्घटनामा परी त्रीशुली नदीमा खसी मृत सरिर वेपत्ता भएको सिफारिस समेतको आधारमा निजका नातेदारले मृत्यु दर्ताका लागि फारम भरी पेश गरेको सन्दर्भमा परिवारमा परेको समम्या समाधानका लागि निजको पर्याप्त नातेदार तथा छरछिमेकको स्थलगत सर्जमिन मुचुल्का गरी नियमानुसार मृत्यु दर्ता लागि वडा कार्यालयलाई निर्देशन दिने ।

६. यस प्रस्तावमा छलफल गर्दा मनहरी वडा नं. ६ स्थित सुनाचुरी जोगिताल सिंचाई जल उपभोक्ता समितिको माग अनुसार ३५० विघा जग्गामा सिंचाई गर्ने मुहान वाढिले वगाएको मर्मतका लागि वडा कार्यालयको समेत भएको सिफारिस अनुसार प्राविधिक ल.ई. गरी मर्मत कार्यका लागि रु. २ लाख पुँजिगत सम्पत्ती/ संरचना मर्मत संभार कोष शिर्षकवाट खर्च गर्ने ।

७. यस प्रस्तावमा छलफल गर्दा मनहरी वडा नं. ३ स्थित कृषि सिंचाईका लागि कालिदमार तल्लो ईनारवाट पानी तान्ने २ ईन्चको मोटर र सो का लागि आवश्यक ५० मिटर पोलेथिन पाईप वडा कार्यालयको सिफारिस सहित वावु ढकाल समेतको माग निवेदन प्राप्त भएकाले प्राविधिक ल.ई. गरी पुँजिगत सम्पत्ती/ संरचना मर्मत संभार कोष शिर्षकवाट भुक्तानी हुने गरी खरिद कार्य गरी उपलब्ध गराउने ।

उपरोक्त अनुसारका निर्णयहरु सर्वसम्मति रुपमा गर्दै आजको बैठक सम्पन्न भयो ।

निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष